नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

काठमाडौं

पत्र संख्याः ०७७/७८

मितिः२०७७/०८/१६

## प्रेस विज्ञप्ती

विश्वव्यापी रुपमा फैंलिरहेको कोभिड-१९ को संक्रमण दर काठमाडौं उपत्यका र विशष गरी काठमाडौं जिल्लामा तिव्र गतिमा रहेको कुरा दैनिक प्राप्त हुने तथ्याङ्कले पुष्टी गर्दछ। नेपाल सरकारले कोरोना महामारीको भयावह स्थिती आउन नदिन साथै सोको प्रभावकारी रोकथाम, नियन्त्रण र संक्रमितहरुको व्यवस्थापनका लागि बन्दाबन्दी गर्ने, निषेध आदेश जारी गर्ने साथै स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने/गराउने गरी आदेश जारी गरेको थियो । उपत्यका सामान्यतया मानिसको अत्यधिक भिडभाड हुने हुँदा यहाँ महामारीको विषम परिस्थितिको व्यवस्थापन गर्न अन्यत्र भन्दा चुनौतिपूर्ण छ । नेपाल सरकारले घोषणा गरेको बन्दाबन्दीको साथै जिल्ला प्रशासन कार्यालयबाट पटक-पटक जारी गरेको निषेध आदेशको अवस्थामा समेत जिल्लाबासीले पुऱ्याएको सहयोग र महामारी रोकथामको अभियानमा गरेको एक्यबद्धता प्रसंशनिय रहेको छ।

विश्व सामुनै चुनौतिको रुपमा रहको कोरोना महामारी नियन्त्रण हुने स्थितिमा अझैपनि देखिएको छैन तसर्थ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना नै यसबाट बच्ने उपाय हो। कोरोनाको विपद्को अवस्थामा सरकारले तोकेको निर्देशनको पालना गर्नु/गराउनु प्रत्येक नागरिकको दायित्व हुन्छ ।

पछिल्लो समय जिल्लामा विभिन्न माग राखी राजनैतिक तथा अन्य भिडभाडजन्य गतिबिधी जस्तै, सभा, जुलुस, प्रर्दशन र अभियान सञ्चालन गरेको भन्ने सुचना प्राप्त हुन आएको र त्यस्ता गतिबिधिंहरु संक्रमणको स्थितिलाई भयावह बनाउने किसिमका भएको साथै स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२०को विपरित हुने भएकोले त्यस्ता भिडभाडजन्य गतिबिधिहरु नगर्न/नगराउन साथै महामारी रोकथाममा सहयोग पुऱ्याउनुहुन सबैमा जिल्ला प्रशासन कार्यालय हार्दिक अनुरोध गर्दछ ।

माथी उल्लेख भए बमोजिमका क्रियाकलाप गरे/गराएको पाईएमा स्थानीय प्रशासन ऐन, २०२८ र संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाहि गरिने ब्यहोरा समेत सबैमा जानकारी गराईन्छ ।

२०७७।०८।१६

...मल प्रसाद ...

...सकीय अधिकृत

कार्यालयको ठेगाना- बबरमहल, काठमाडौं, नेपाल।

फोन नं. ०१-४२६२४७८, ०१-४२६२८२८, ०१-४२६२४४८, ०१-४२४८९८५, फ्याक्सः- ०१-४२६२८२८

इमेल :daokathmandu@moha.gov.np र daobabarmahal@gmail.com वेवसाइटः www.daokathmandu.moha.gov.np